# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल


## राष्ट्रिय प्रजातन्त्र दिवस, २०७८ को शुभकामना सन्देश

राष्ट्रिय प्रजातन्त्र दिवस, २०७८ को सुखद् उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु । प्रजातन्त्र स्थापनाका लागि आफ्नो जीवन उत्सर्ग गर्ने महान् शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै आफ्नो जीवनलाई प्रजातान्त्रिक मूल्य, मान्यता, आदर्श र सिद्धान्तप्रति प्रतिबद्ध प्रजातन्त्रका सेनानीहरुप्रति उच्च सम्मान प्रकट गर्दछु।

नेपाली जनताको बलिदानीपूर्ण संघर्षबाट २००७ साल फागुन ७ गतेका दिन १०४ वर्ष लामो जहाँनिया निरंकुश राणा शासनको अन्त्य भई मानवअधिकार तथा राजनैतिक स्वतन्त्रता प्राप्त भएको ऐतिहासिक दिनका रुपमा हामी राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने गर्दछौं । देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विगतका ऐतिहासिक आन्दोलन, संघर्ष, त्याग तथा बलिदानको विशिष्ट भूमिका रहेको छ । यही सेरोफेरोमा र तिनै संघर्षको बलमा अहिले देशमा संघीयता,गणतन्त्र, धर्मनिरपेक्षता र समानुपातिक समावेशिता सहितको संविधान कृयाशील छ । यसर्थ, हामीले आजको ऐतिहासिक सन्दर्भलाई विगतप्रति गौरबबोध गर्ने दिनका रुपमा सम्झिनुपर्दछ।

अन्तमा, आज ७२ औं राष्ट्रिय प्रजातन्त्र दिवस मनाइँरहँदा देशमा लोकतन्त्रको सुदृढीकरण, दिगो शान्ति, सुशासन, विकास तथा समृद्धि हासिल गर्नका लागि हामी सबैलाई यो दिवसले प्रेरणा प्रदान गरोस् भन्ने कामना सहित पुन: एक पटक शुभकामना व्यक्त गर्दछु।

**२०७८ फागुन ७ गते शनिबार**

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

**यादवचन्द्र शर्मा**

**प्रदेश प्रमुख**